# *नारदमुनिको वालिङ यात्रा* निबन्धसङ्ग्रहमा व्यङ्ग्य

नारायण मरासिनी
अध्यापक, शुक्रराज मा.वि., पोखरा
इमेल : narayanmarasini@gmail.com

**लेखसार**

*समय, व्यक्ति एवं परिवेशद्वारा निसृत विकृतिका कारकहरूलाई उच्छेदन गरी स्वस्थ एवं सभ्य समाज निर्माण गर्ने उद्देश्यले सिर्जित रचना विशेष नै व्यङ्ग्य निबन्ध हो । व्यङ्ग्य निबन्धमा असामाजिक पक्षको विरोध गरिन्छ; आडम्बरी प्रवृत्तिको पर्दाफास गरिन्छ । यसमा विद्यमान अन्याय-अत्याचार, असत्य, अव्यवस्थालगायतका विकृतिलाई हटाएर सुन्दर र सभ्य समाजको निर्माण गर्ने उद्देश्य रहेको हुन्छ । भेषजराज शर्मा व्यङ्ग्यात्मक शैलीमा निबन्ध लेख्ने निबन्धकार हुन् । यस लेखमा भेषजराजका निबन्धमा प्रयुक्त व्यङ्ग्य चेतनाको अध्ययन गरिएको छ । प्रस्तुत लेख गुणात्मक प्रकृतिको रहेको छ । लेखका लागि पुस्तकालयीय अध्ययन कार्यबाट प्राथमिक 'नारदमुनिको वालिङ यात्रा' र द्वितीयक (पुस्तक, पत्रिका आदि) स्रोतबाट तथ्य सङ्कलन गरी निगमनात्मक अध्ययन पद्धतिका सहायताले तिनको विश्लेषण गरिएको छ । अध्ययनमा प्रस्तुत दाबीलाई पुष्टि गर्न आवश्यक तर्क र साक्ष्यहरू प्रस्तुत गरिएको छ । सम्बन्धित पूर्व अध्येतासँग संवाद गर्दै आवश्यकताअनुसार लेखकीय दृष्टिकोण प्रस्तुत गरिएको छ । लेखमा 'नारदमुनिको वालिङ यात्रा' निबन्धसङ्ग्रह भित्रका निबन्धमा निहित व्यङ्ग्यार्थको विश्लेषण पूर्वीय साहित्यका चिन्तक कुन्तकको वक्रोक्ति सिद्धान्तमा आधारित भएर गरिएको छ । अन्त्यमा सामाजिक विकृति र विसङ्गतिहरूलाई वक्रोक्तिको शैलीमा प्रस्तुत गरिएका भेषजराजका निबन्धले चोटिलो व्यङ्ग्यका माध्यमबाट व्यक्ति र समाजलाई नैतिकताको बाटामा हिँडाउन चाहेको निष्कर्ष निकालिएको छ ।*

**शब्दकुञ्जी :** अवसरवादी चरित्र, कर्मचारी तन्त्र, प्रशासनिक भ्रष्टता, वक्रोक्ति, व्यञ्जना ।

## विषयपरिचय

भेषजराज शर्मा (वि.सं. १९८९-२०५९) स्याङ्जा जिल्लालाई कर्मथलो बनाउँदै नेपालको शैक्षिक, राजनीतिक र साहित्यिक क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याउने व्यक्ति हुन् । २००७ सालदेखि २०१८ सालसम्म अध्ययनका सिलसिलामा भारतको बनारसमा रहँदा नेपाली भाषा, साहित्य र संस्कृतिको विकास र प्रचारमा संलग्न रहेका शर्माले त्यहीँ नै कतिपय साहित्यिक कार्यक्रमहरूको आयोजना, साहित्यिक पत्रिकाको प्रकाशन तथा साहित्यिक संस्थाहरूको स्थापना गर्ने कार्यसमेतको नेतृत्व गरेका थिए । अध्ययनका सिलसिलामा बनारस बसाइका क्रममै २०१२ सालमा *छात्रदूत* पत्रिकामा 'चार सौ बीस' शीर्षकको निबन्ध प्रकाशन गरेर शर्माले निबन्ध लेखनको यात्रा आरम्भ गरेका हुन् । साहित्यकार शर्माको कलम निबन्ध विधामा मात्र नभएर कविता र कथा विधामा पनि चलेको देखिन्छ । *आत्मप्रकाश* (कवितासङ्ग्रह, २०४५), *लालसलाम* (कवितासङ्ग्रह, २०५०), *आँधीखोलाको बगर* (खण्डकाव्य, २०६२), *भेषजराज शर्माका कथाहरू* (कथासङ्ग्रह, २०६४), *नारदमुनिको वालिङ यात्रा* (निबन्धसङ्ग्रह, २०७२), *भेषजराज रचनावली* (पद्यसङ्ग्रह, २०७८) यिनका प्रकाशित साहित्यिक कृतिहरू हुन् र यिनीद्वारा सिर्जित केही कृतिहरू अप्रकाशित अवस्थामा छन् । यसै गरी यिनी सम्पादक व्यक्तित्वका रूपमा पनि परिचित छन् । *छात्रदूत* (वार्षिक) बनारस, *छात्रवाणी* (वार्षिक) बनारस, *छात्रप्रभा* (वार्षिक) बनारस, *छात्रपथ* (वार्षिक) बनारस, *युगभाषा* (अर्धवार्षिक, वि.सं. २०२३-२०३२) स्याङ्जा आदि पत्रिकाहरूको सम्पादनमा यिनको सक्रिय संलग्नता पाइन्छ । अहिले यिनको नाममा स्याङ्जा जिल्लाको वालिङमा भेषजराज साहित्य प्रतिष्ठान- २०६३ को स्थापना भएको छ र *नारदमुनिको वालिङ यात्रा*को प्रकाशन यसै प्रतिष्ठानबाट भएको हो ।

भेषजराज शर्मा मूलतः आत्मपरक निबन्धकार हुन् । यिनको *नारदमुनिको वालिङ यात्रा* आत्मपरक निबन्धहरूको सङ्ग्रह हो । यसमा जम्मा ११ ओटा निबन्ध सङ्गृहीत छन् । प्रगतिशील निबन्धकारका रूपमा परिचित उनका निबन्धमा नेपाली समाजको रूपान्तरणको चाहना मूल विचारका रूपमा व्यक्त भएको पाइन्छ । यिनी नेपालको राजनीतिक एवं सामाजिक क्षेत्रमा देखापरेका विकृत तथा विसङ्गत पक्षलाई हटाएर समाजलाई सभ्य र मानिसलाई सुसंस्कृत बनाउन चाहने निबन्धकार हुन् । व्यङ्ग्यात्मक शैलीमा रोचक प्रस्तुति यिनको निबन्ध लेखनको विशेषता हो । यिनका निबन्धमा व्यङ्ग्यात्मक प्रस्तुति कुन रूपमा भएको छ र निबन्धकारले नेपाली समाज तथा राज्य संयन्त्रका खराबीमाथि केकस्तो व्यङ्ग्य गरेका छन् ? निबन्धमा हामी नेपालीहरूको कस्तो प्रवृत्तिमाथि व्यङ्ग्य छ भनेर अध्ययन गर्नुलाई यस लेखमा समस्याका रूपमा प्रस्तुत गरिएको छ । *नारदमुनिको वालिङ यात्रा* निबन्धमा अभिव्यक्त व्यङ्ग्य चेतनालाई पूर्वीय संस्कृत साहित्यका आचार्य कुन्तकको वक्रोक्ति सिद्धान्तका सापेक्षतामा अध्ययन एवं विश्लेषण गरिएको छ । भेषजराजका निबन्धहरूमा प्रयुक्त व्यङ्ग्य एवं सामाजिक-सांस्कृतिक तथा राजनीतिक क्षेत्रमा फैलिएको विकृतिमाथि निबन्धमा व्यक्त भएको व्यङ्ग्य चेतनालाई वक्रोक्ति सिद्धान्तका कोणबाट अध्ययन-विश्लेषण गर्नु यस लेखको उद्देश्य हो ।

## अध्ययनको विधि

प्रस्तुत लेखका लागि भेषजराज शर्माद्वारा सिर्जित निबन्ध *नारदमुनिको वालिङ यात्रा* का साथै द्वितीयक सामग्रीहरूको सहयोग लिइएको छ । विभिन्न विद्वान्हरूले लेखेका सन्दर्भ सामग्रीहरूको अध्ययन गरेर

प्राप्त तथ्य/सूचनाका आधारमा वर्णन र विश्लेषण गरिएको छ । द्वितीयक सामग्रीका रूपमा विभिन्न पत्रपत्रिका एवं पुस्तकमा विभिन्न समयमा प्रकाशित भेषजराजका रचनासँग सम्बन्धित/सान्दर्भिक लेख-समालोचनाको उपयोग गरिएको छ ।

कुन्तकद्वारा प्रवर्तित पूर्वीय वक्रोक्ति सिद्धान्तलाई प्रस्तुत लेखका सामग्रीहरूमा व्यङ्ग्यको विश्लेषण गर्ने मूल सैद्धान्तिक आधार बनाइएको छ । यस सिद्धान्तबाट सैद्धान्तिक/दार्शनिक आधार ग्रहण गरे पनि विश्लेष्य सामग्रीको प्रकृति र अध्येताको मौलिक चेतनालाई संश्लेषण गरी सामग्री विश्लेषणका मानदण्डको पुनर्निर्माण गरिएको छ र तिनैका आधारमा व्याख्या-विमर्श गरी उपयुक्त निचोडमा पुग्ने प्रयत्न गरिएको छ । त्यसैले यो लेख गुणात्मक अध्ययनविधिमा आधारित रहेको छ ।

## व्यङ्ग्यको सैद्धान्तिक आधार

कुनै पनि विषयमा घोचपेच गरेर लेखिने, व्यञ्जनामूलक अर्थ दिने एक प्रकारको अभिव्यक्तिकला व्यङ्ग्य हो । यसमा लक्षणा वा व्यञ्जनाको सहयोग लिएर भन्न खोजेको कुरालाई प्रभावकारी ढङ्गले व्यक्त गरिएको हुन्छ । लोकमा प्रचलित कथनभन्दा भिन्न कुनै वैचित्र्यपूर्ण कथनका रूपमा वक्रोक्तिलाई चिनाउने कुन्तकले यसलाई नै काव्य रचनाको सर्वस्व मानेका छन् (उपाध्याय, २०४९, पृ. २९०) । संस्कृत-हिन्दी कोशमा व्यङ्ग्यलाई व्यञ्जना शक्तिद्वारा ध्वनित भनेर चिनाइएको छ (आप्टे, सन् २००७, पृ. ९८३) । मानिसमा हुने कमीकमजोरी, अनियमितता, कुशासन, भ्रष्टाचार आदिलाई घुमाउरो तरिकाबाट व्यक्त गर्दा व्यङ्ग्यात्मक शैली अपनाउनुपर्ने हुन्छ । आचार्य कुन्तकको वक्रोक्ति सिद्धान्तमा आधारित भएर कुनै पनि कृतिमा भाषाको सबैभन्दा ठुलो एकाइ प्रबन्ध वा सङ्कथनको विश्लेषण गर्न सकिन्छ । नेपाली निबन्ध साहित्यमा भेषजराज शर्मा एक सशक्त निबन्धकारका रूपमा देखिन्छन् । उनी व्यङ्ग्यात्मक शैलीमा निबन्ध लेख्ने निबन्धकार हुन् । यहाँ उनका निबन्धमा प्रयुक्त व्यङ्ग्यको अध्ययन गरिएको छ ।

लेखमा सङ्कलित तथ्यहरूका आधारमा *नारदमुनिको वालिङ यात्रा* निबन्ध सङ्ग्रहभित्रका निबन्धहरूको विश्लेषण गरिएको छ । सङ्कलित तथ्य एवं विषयवस्तुको विश्लेषण वर्णनात्मक शैलीमा गरिएको छ, नेपाली समाजमा देखापरेका बहुदलीय शासनकाल (वि.सं. २०४६) भन्दा पहिलेका र त्यसपछिको समयका खराब प्रवृत्तिको विश्लेषण गरिएको छ । यस लेखमा निबन्धका सम्पूर्ण तत्त्वहरूका आधारमा नभई व्यङ्ग्य चेतनाका आधारमा 'नारदमुनिको वालिङ यात्रा' सङ्ग्रहभित्रका निबन्धको अध्ययन गरिएको छ । निबन्धको संरचना पक्षको अध्ययन-विश्लेषण गरिएको छैन । सङ्ग्रहभित्रका सबै निबन्धको अध्ययन पनि यसमा गरिएको छैन । सङ्गृहीत एघार निबन्धमध्ये व्यङ्ग्य चेतनाप्रबल निबन्धहरूमा व्यक्त व्यङ्ग्यको नेपाली समाजका सापेक्षतामा वक्रोक्ति सिद्धान्तको आधारमा यस अध्ययनलाई सीमित गरिएको छ ।

## नतिजा र विमर्श

*नारदमुनिको वालिङ यात्रा* निबन्धसङ्ग्रहका निबन्धमा विषयवस्तुगत विविधता पाइन्छ । निबन्धहरूमा हास्यव्यङ्ग्य, सामाजिक, राजनीतिक, वैज्ञानिक, आर्थिक, सांस्कृतिक, लैङ्गिक र वर्गीय चिन्तनलाई विषयवस्तुको रूपमा प्रस्तुत गरिएको छ । निबन्धकार शर्माले हास्यव्यङ्ग्यात्मक माध्यमबाट तत्कालीन

नेपाली सामाजिक परिवेशको चित्रण गरेका छन् । धार्मिक विषयवस्तुलाई व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरेका छन् (रानाभाट, २०६४, पृ. ८७) । सबैजसो निबन्धमा केही न केही मात्रामा हास्य र व्यङ्ग्यको सम्मिश्रण छ । निबन्धकारले प्रत्येक निबन्धका माध्यमबाट सामाजिक असमानता-विषमताप्रति व्यङ्ग्य गरेका छन् । निबन्धहरूमा प्रयुक्त मुख्यमुख्य व्यङ्ग्यात्मक प्रवृत्तिलाई निम्न उपशीर्षकहरूमा विश्लेषण गरिएको छ :

## राजनीति, प्रशासन एवं कथित विद्वत्ताप्रति व्यङ्ग्य

निबन्धकार भेषजराज शर्माले नेपाली राजनीतिमा देखापरेका नेताहरूका भ्रष्ट प्रवृत्तिप्रति व्यङ्ग्य गरेका छन् । कर्मचारीहरूले घुस लिने र पढालेखा विद्यावारिधियुक्तहरू आफूलाई सर्वेसर्वा ठानेर घमन्डी तथा अहङ्कारी बन्ने प्रवृत्तिप्रति व्यङ्ग्य छ । उनले रोगीहरूको उपचार गर्ने डाक्टरहरू पनि मानवीय संवेदनालाई एकातिर पन्छाएर व्यापारी बन्दै गएकामा आक्रोश व्यक्त गरेका छन् । ज्ञान नभएका मानिसहरू पनि पण्डित बनेकाप्रति निबन्धकारले व्यङ्ग्य गरेका छन् । 'पुरेत बाजेको सराप' निबन्धमा निबन्धकारको छैटीको दिनमा निबन्धकार र पुरेत बाजेसँगको संवाद छ । छैटीमा पुरेत बाजेले 'डाक्टर भएस् बाबु' भनेर आसिक दिन्छन् तर निबन्धकारमा डाक्टर बन्ने चाहना हुँदैन । निबन्धकार पीएचडीधारी डाक्टर र औषधि गर्ने डाक्टर दुबै बन्न चाहँदैनन् । विदेशमा पानी पर्दा नेपालमा छाता ओढ्ने पढालेखा प्रमाणपत्रधारी पिएचडीहोल्डरहरूलाई यिनी 'लाहुरे' ठान्छन् भने औषधिवाला डाक्टर हरूप्रति निबन्धकारको दृष्टि यस्तो छ :

> साथमा गाँठी भएकाहरू र कुनै सोर्सबाट फोर्स ल्याउनेहरूलाई मात्र राम्रोसँग ओखती गरिदिने कोर्स गरेका हुन्छन् यिनीहरूले । अरू थप कुरा त के छ भने एक ओखतीले निको हुने रोगमा पनि दशथरी ओखती लेखिदिएर नयाँ नयाँ रोगहरूको प्रादुर्भाव गरी नयाँनयाँ ओखतीको माग बढाइदिन्छन् यिनीहरू । वास्तवमा ओखती गर्ने डाक्टरहरू ओखती निर्माण कम्पनीका गुप्त एजेन्ट हुन् । (पृ. ७-८)

यहाँ निबन्धकारले सर्वसाधारण जनतालाई डाक्टरहरूले माया गर्दैनन्, तिनीहरू बढी स्वार्थी हुन्छन् भन्दै डाक्टरका खराब बानीव्यवहारप्रति व्यङ्ग्य गरेका छन् । डाक्टरहरूको पैसाप्रतिको अधिक मोह राम्रो होइन भन्ने कुराको सङ्केत गरेका छन् । पुरेतले 'सचिव भएस्' भन्दा ल्याप्चेवाला मन्त्रीलाई सजिलै घुमाएर आफ्नो दुनो सिधा पार्ने सचिव पनि नबन्ने धारणा निबन्धकारले व्यक्त गरेका छन् । भ्रष्ट कर्मचारीतन्त्रको झाँको झार्दै माननीयहरूलाई पनि निबन्धकारले उनीहरूको क्रियाकलापअनुरूप नै पोल्ट्री फारमको खोरभित्र दाना खाने बेलामा जगजगाएका कुखुराको संज्ञा दिएका छन् । माननीयहरू अधिकारविहीन छन् । उनीहरू आफ्नो नेताको आदेश तामेलीमा मात्रै सीमित छन् । निर्वाचित भएको भोलिपल्टदेखि नै तिनीहरूले जनतासित पारपाचुके गरेका हुन्छन् (पृ.९) भन्दै निबन्धकारले नेपालका जननिर्वाचित माननीयहरूको निरीहताप्रति व्यङ्ग्य गरेका छन् ।

पुरेत बाजेहरूमा हुने अज्ञानताप्रति निबन्धकारले तिखो झटारो हानेका छन् । कर्मकाण्डका सामान्य टीका र त्यसका विधिविधानबाहेक अन्य ग्रन्थहरू अध्ययन नगर्ने पुरेतहरूमा ज्ञानको भकारी नै हुन्छ भनेर सोच्नु मुर्खता हो । उनीहरूको ज्ञानको दायरा निकै साँघुरो छ । उनीहरू राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशका बारेमा अनभिज्ञ छन् भन्दै निबन्धकार लेख्छन्– "पुरेत बाजे, तपाईं अग्निस्थापना मात्र होइन

यताउताका कुरा पनि पढ्नेसुन्ने गर्नुहोस् । हाम्रोजस्ता साना र अविकसित मुलुकहरूमा सरकार चलाउने ठेक्का ठुला शक्तिराष्ट्रले लिएका हुन्छन् । हिजोआज यस्तो ठेक्का लिनका निमित्त बहुराष्ट्रिय कम्पनीको पनि प्रादुर्भाव भइसकेको छ । मन्त्रीहरू तिनै ठेकेदारका गुमास्ता हुन्" (पृ. १०) । निबन्धकारका विचारमा नेपाली पुरेतहरूमा आधुनिक ज्ञान निकै कम छ । उनीहरू सानो कुवालाई नै विशाल समुद्र ठानेर भ्यागुताले गीत गाएझैँ जजमानीमा मात्र सीमित रहेका छन् । देश-विदेश, अन्तर्राष्ट्रिय सम्बन्ध यसै गरी जनजीविका र जनताका बारेमा तिनीहरूले धेरै ज्ञान आर्जन गर्न बाँकी छ ।

जति आसिक दिए पनि लिन नमानेपछि अन्त्यमा पुरेत बाजेले 'जिन्दगीभर मास्टर भएस्' भनेर आसिक दिन्छन् । नभन्दै कुकुरलाई बरु उसको पुच्छरले छोड्ला तर निबन्धकारलाई मास्टरी पेसाले छोडेको छैन । निबन्धकारले पढालेखा विद्वान्, राजनीतिज्ञ, योजनाविद्, प्रशासक आदिभन्दा बरु गाउँमै बसेर जनताको सेवा गर्ने मास्टर बढी इमानदार, लगनशील, कर्तव्यनिष्ठ र राष्ट्रभक्त हुन्छ भन्ने कुरालाई यस निबन्धमा निर्धक्क उल्लेख गरेका छन् । माननीय, मन्त्री र सचिवहरू बहुराष्ट्रिय कम्पनीका गोटी बनेका छन् । देश र जनताको हितमा काम नगर्ने यिनै ठुलाबडाहरूप्रति यस निबन्धमा व्यङ्ग्य छ ।

## श्रम शोषणको विरोध र मान्छेको अविवेकीपनप्रति व्यङ्ग्य

आजको मान्छे आडम्बरी बन्दै गएको छ । शक्तिसम्पन्न मान्छेहरू अविवेकी बन्दै गएका छन् । मालिकले श्रमिकहरूलाई गोरुलाई जस्तै काममा जोताएर श्रमको शोषण गरेका छन् । 'गोरु अब सङ्घर्षको मैदानमा' निबन्धमा गोरुको आत्मकथा छ । सभ्यताको आदिकालमा ऋषिमुनिहरू मेरै मासु लुछ्थे भन्दै गोरुले मानिसको स्वार्थान्धतामाथि प्रहार गरेको छ । गोरुको शोषण गरेर सभ्यताको भऱ्याङ चढिरहेका मान्छेहरूप्रति यसमा व्यङ्ग्य गरिएको छ । चोक्टा चोक्टामा टुक्रिनुपर्ने, हलो तथा गाडामा बाँधिएर तानिनुपर्ने, हाड र छालामा बाँडिएर कारखानामा पिसिनु र पेलिनुपर्ने; यी सब मान्छेका आफ्ना स्वार्थका कारण भएका हुन् । यस्तो अवस्थाबाट गोरुले आजसम्म पनि मुक्ति पाएको छैन । गोरुमाथि मान्छेले अत्याचार गरेका छन् । सोझो तथा इमानदार प्राणी गोरु मान्छेको दास भएको छ । गोरुको श्रमको शोषण भएको छ । गोरुले उन्मुक्तिको सास फेर्न पाएको छैन । गोरुको स्वतन्त्रताको हनन भएको छ । आफूमाथि भएको अन्यायका विरुद्धमा गोरुले सङ्घर्षको उद्घोष गरेको छ ।

गोरुको शारीरिक श्रमको शोषणबाट नै मान्छे आधुनिक भएको छ, सभ्य भएको छ । मान्छेले गोरुलाई स्वतन्त्रतापूर्वक बाँच्ने अधिकार दिएको छैन । बेलाबेलामा घाँसपराल दिनु भनेको दासलाई दासकै रूपमा राखेर सम्मान गरिएको हो भन्ने विचारका साथ गोरुले दासत्वबाट मुक्ति चाहेको छ । आफ्नो मुक्तिका लागि सङ्घर्ष गर्ने मान्छेले गोरुको मुक्तिका लागि किन ध्यान दिँदैन ? पशुअधिकारको कुरा गर्ने मान्छे किन अन्य पशुका तुलनामा आफैँ निकृष्ट छ ? गोरुका यी प्रश्नहरू आजका मान्छेका स्वार्थी र ढोंगी प्रवृत्तिप्रति लक्षित छन् । गोरुहरू कर्तव्यनिष्ठ हुन्छन्, इमानदार हुन्छन्, तिनीहरू मान्छे जस्तै स्वार्थी र फटाहा हुँदैनन् भन्दै यस निबन्धमा गोरुको गुणगान गरिएको छ ।

आफूलाई अधिकार नदिइएकामा मान्छेप्रति गोरुको आक्रोश छ । गोरुले आफ्नो अधिकारका सम्बन्धमा मान्छेप्रति नै अविश्वास व्यक्त गरेको छ :

> आज गोरु अधिकार पाउनै पर्छ भनिन्छ र भन्न पाइन्छ तर अधिकार चाहिँ पाइन्न । गोरुका पक्षमा सदनमा कुर्लन र सडकमा उर्लन पाइन्छ तर आन्दोलनको लक्ष्य प्राप्त गर्न पाइन्न ।

> यही हो आज मानिसले मलाई दिएको गोरुतन्त्र र गोरु अधिकार । आज पनि मलाई पुरानै दासतामा जकडिने र विद्रोह गरेर सहिद बन्ने अधिकारबाहेक अरू कुनै जीवनदायी अधिकार प्राप्त छैन । यसै भएर अब म मानिसको चिल्लो बोलीमा विश्वास गर्ने छैन । आजसम्मको मेरो आन्दोलन, सङ्घर्षहरूको उपलब्धि र मानव समाजको विकासमा मेरो बलिदानी योगदानको उपलब्धि मानिसले हडपेको छ । अब म आफ्नै निम्ति, गोरुमुक्तिका निम्ति सङ्घर्षको मैदानमा उत्रेको छु । (पृ. १५)

'हारे दासता छँदै छ, जिते दासत्वबाट मुक्ति' (पृ. १५) भन्दै गोरु सङ्घर्षको मैदानमा उत्रनु भनेको शोषित, उत्पीडित, श्रमजीवीहरू आफ्नो अधिकार प्राप्तिको लडाइँमा होमिनु हो । मजदुर, किसानहरू श्रमजीवी हुन्; शिक्षक, बुद्धिजीवीहरू पनि श्रमजीवी नै हुन् । यिनीहरूले गर्ने श्रम र गोरुले गर्ने श्रममा खासै अन्तर छैन । मजदुर, किसानहरू शारीरिक श्रम गर्दछन् भने शिक्षक तथा बुद्धिजीवीहरू मानसिक श्रम गर्दछन् । गोरु मान्छेबाट पीडित भएजस्तै मजदुर, किसान, शिक्षक लगायतका श्रमजीवीहरू राज्यबाट पीडित छन् । यिनीहरूले स्वतन्त्रताको उपभोग गर्न पाएका छैनन् भन्ने यथार्थलाई गोरुको आत्मकथामार्फत प्रस्तुत गरिएको यो निबन्ध कथात्मक शैलीमा छ, व्यञ्जनामूलक छ । गोरु मारेर सहिद बनाउने अनि त्यसैको प्रतिमा बनाएर पुज्ने मान्छेको अविवेकी र स्वार्थीपनमाथि यस निबन्धमा प्रहार गरिएको छ । सोझासिधाहरूमाथि अन्याय-अत्याचार गर्दै सभ्यताले गति लिएको ढोंग रच्ने मान्छेहरूमाथि यसमा व्यङ्ग्य गरिएको छ ।

## मानवीय सङ्कीर्णताको विरोध

आज मानिस झन्झन् सङ्कीर्ण बन्दै गएको छ । उसले आफूलाई नै केन्द्रमा राखेर कुरा गर्छ । मानिसको व्यवहार फोहोरी छ । 'सुँगुर' शीर्षकको निबन्धमा सुँगुरको शारीरिक अवयवहरूको चर्चा गर्दै निबन्धकारले 'सुँगुरको स्वर्ग' भन्ने उखानको विश्लेषण गरेका छन् । निबन्धमा मान्छे र सुँगुरका आनीबानी तथा प्रवृत्तिहरूको विश्लेषण छ । आज मान्छेहरू सुँगुर जस्तै छन् । अधिकांश मानिसको चेतना र सुँगुरको चेतनामा समानता पाइन्छ । निबन्धकारले प्राणीहरूको वंशावली केलाउँदै लेखेका छन् :

> सुँगुरको एउटा नाम मात्रको पुच्छर हुन्छ । तर यो पुच्छर भएकामा यस जनावरलाई कुनै सन्तोष छैन । बरु, सुँगुर भाइहरू के गुनासो गर्छन् भने यति छोटो पुच्छर हुनुभन्दा त पुच्छरै नभइदिएको भए मानिस भनिने जनावरको श्रेणीमा पर्न सकिन्थ्यो होला । मानिस त्यति लामो पुच्छर हुने बाँदरको सन्तान कसरी हुन सक्छ ? यदि हो भने सभ्य र विकसित भनाउँदा मुट्ठीभर मानिसमात्र बाँदरका वंशज होलान् तर संसारका बहुसङ्ख्यक मानिस पक्कै पनि सुँगुरका सन्तान हुन् । हामी र ती मानिसहरू बिचको असमानता केवल एउटा पुच्छर न हो । हामी पनि ती मानिसभन्दा कुनै कुरामा कम छैनौँ, हिँडाइ, बोलाइ, सोचाइ आदि यावत् कुरामा समानता छ । (पृ. ३८)

यस निबन्धमा निबन्धकारले सुँगुररूपी मान्छेहरूका आँखा पारदर्शक होऊन्, मस्तिष्कमा आत्मबोधको सञ्चार होओस् भन्ने सदिच्छा व्यक्त गरेका छन् । मान्छे बौद्धिक रूपमा स्खलित छ ।

उसको चेतना सुँगुरको चेतनाभन्दा माथि उठ्न सकेको छैन भन्दै निबन्धमा सुँगुररूपी मान्छेहरूप्रति व्यङ्ग्य छ । मान्छेमा ऱ्याङ्गिँदै गएको सङ्कीर्णताको विरोध छ ।

## बुद्धिजीवीहरूको स्वार्थी तथा अवसरवादी प्रवृत्तिप्रति व्यङ्ग्य

सुन्दर तथा सभ्य समाजको निर्माणका लागि बुद्धिजीवीहरूको भूमिका महत्त्वपूर्ण रहेको हुन्छ । सभ्यतालाई व्यवस्थित रूपमा गति दिने काम बुद्धिजीवीहरूबाट हुनुपर्ने हो तर बुद्धिजीवीहरू नै व्यक्तिगत स्वार्थमा लिप्त भएकाप्रति निबन्धकारको आक्रोश छ । २०५० सालमा रचिएको 'बुद्धिजीवी' आजका कथित पढालेखाहरूमाथिको व्यङ्ग्य हो । यसमा एउटा गोरु र मास्टरी पेसा अपनाएका निबन्धकार बिचको संवाद रोचक शैलीमा प्रस्तुत गरिएको छ । मास्टरी पेसा छाड्ने निर्णय गरेर सुदूर पश्चिमको विकट जिल्लाबाट राजधानी काठमाडौँ हिँड्ने क्रममा बाटामा एउटा गोरुसँग निबन्धकारको भेट हुन्छ । यहाँ गोरु र निबन्धकारका बिच संवाद छ । गोरुले 'मास्टर' शब्दले निबन्धकारलाई बोलाउँदा उनलाई यस शब्दले एलर्जी बनाएको छ । उनले गोरुसँग आफूलाई मास्टर नभनेर बुद्धिजीवीका रूपमा सम्बोधन गर्न आग्रह गरेका छन् । देशमा बहुदलीय शासन व्यवस्था आएपछि राजनीतिक दलहरूको खिचातानीका कारण राष्ट्रियता र प्रजातन्त्र खतरामा परेको हुनाले आफूजस्ता प्रकाण्ड विद्वान् मोफसलमा बस्नुको सट्टा राजधानीमै गएर बुद्धिजीवीहरूलाई सङ्गठित गरी सरकार, जनता र राजनीतिक दलहरू समेतलाई मार्गनिर्देशन गर्नु आफ्नो कर्तव्य ठानी निबन्धकारले राजधानीको बाटो समाएका छन् ।

निबन्धकार आफू प्रकाण्ड विद्वान् भएकैले मोफसलमा खुम्चन हुँदैन भन्ने सोच्छन् । आफूले विगतमा गरेको योगदानको कदर नभएकामा उनी काठमाडौँ जान चाहेका हुन् । अर्को कुरा, राजनीतिक वृत्तमा विगतमा निकै योगदान पुऱ्याए पनि आफ्नै चेलाचपेटाहरूको हारालुछका कारण आफू वर्तमानमा पछि परेकाले उनी काठमाडौँ पुगेर यस समस्यालाई सुल्ट्याउन चाहन्छन् । आफू अब मास्टर होइन, विशुद्ध बुद्धिजीवी बन्न चाहन्छन् । उनलाई मास्टरभन्दा बुद्धिजीवी नै माथिल्लो दर्जाको लागेको छ तर गोरुले राजधानीका बुद्धिजीवीहरूमा कत्ति पनि बुद्धि देख्दैन, गोरु भन्छ :

> पहिले निर्दलको लगाम समातेर रजाइँ गरेका र प्रजातन्त्रको अस्मितामाथि बलात्कार गरेका कथित बुद्धिजीवीहरू नै अहिले कुनै न कुनै दलको झोला बोकेर मैदानमा उत्रेका छन् र दलीय सङ्कीर्णताबाट दयनीय रूपमा ग्रस्त छन् । यिनीहरू पैसाका लागि उहिले मरिचमानका आठपहरिया बनेका थिए भने अहिले रिचमेनका । यिनीहरू पञ्चायतीकालदेखि नै सुर्तीचोरदेखि लिएर मूर्ति चोरसम्मका सल्लाहकार रहिआएका छन् भने नुन तस्करीदेखि लिएर सुन तस्करीसम्मको सञ्चालन पनि यिनैले गरिआएका छन् । (पृ. ४५)

पञ्चायत र पञ्चायती शासकहरूहरूप्रति बफादार रहेकाहरूकै बहुदलीय शासन व्यवस्थामा पनि हालीमुहाली देख्दा निबन्धकार आक्रोशित भएका छन् । तिनीहरूबाट वास्तविक बुद्धिजीवीको योगदानको कुनै गनितोमनितो नभएकामा उनलाई रिस उठेको छ ।

मास्टरले काठमाडौँमा केही मात्रामा त पिएचडी गरेका पढालेखा बुद्धिजीवीहरू पनि छन् भन्ने कुरा गर्दा गोरुले पढालेखा पिएचडीधारी बुद्धिजीवीहरूलाई आफ्नो व्यक्तिगत स्वार्थका लागि सर्टिफिकेट हात पार्ने उद्देश्यले पढेका नक्कली बुद्धिजीवीको संज्ञा दिएको छ । मास्टरलाई भ्रमबाट मुक्त हुने सल्लाह दिँदै गोरु भन्छ : 'हाम्रो जस्तो सानो र अविकसित मुलुकमा सरकार चलाउने ठेक्का ठुलठुला शक्तिराष्ट्रले

लिएका हुन्छन् । हिजोआज त यस्तो ठेक्का लिनका निम्ति बहुराष्ट्रिय कम्पनीहरू पनि प्रादुर्भाव भएका छन् र हाम्रो मन्त्रालय वा सरकार तिनै ठेकेदारहरूले'... ... (पृ. ४५) । सरकार र मन्त्रालयहरू स्वदेशी बुद्धिजीवीको सल्लाहसुझावअनुरूप चल्दैनन् । यिनीहरू त बाह्य शक्तिराष्ट्रको आदेश शिरोपर गर्छन् भन्ने गोरुको कुरा सुनेर मास्टर निकै चिन्तित बन्न पुग्छन् र निराश हुँदै सोध्छन् 'हाम्रो देशमा कुनै मौलिक प्रतिभा नै छैन त गोरुजी ?' मास्टरको यस प्रश्नमा गोरु भन्छ :

> हाम्रो देशमा तपाईं जसलाई मौलिक चिन्तनका धनी ठान्नुहुन्छ वास्तवमा उनीहरू त्यस्ता छैनन्। कोही आफूलाई मार्क्सका मिक्स्चर ठान्छन् त कोही गान्धीका गधा, कोही लेनिनका लँगौटी मान्छन् त कोही हिटलरका हन्टर, कोही आफूलाई टैगोरका टट्टु मान्छन् त कोही गोर्कीका गोरु, कोही बचामुका काका मान्छन् त कोही सात्रेका सम्धी । बुझ्नुभयो मास्टरजी, अर्काको भजन गर्नु नै यिनीहरूको मौलिकता हो र यसैमा यिनीहरू आफूलाई महान् प्रतिभाशाली ठान्दछन्, बौद्धिक ठान्दछन् । हाम्रो देशको राजधानी यस्तै हनुमान दासहरूको क्रीडास्थल हो, तपाईं हामीजस्ता बुद्धिजीवीलाई त्यहाँ कुनै सम्मान हुँदैन । (पृ.४६)

यस निबन्धमा हनुमान प्रवृत्तिका बुद्धिजीवीहरूमाथि आक्रोश छ । गोरुले मास्टरको क्षमताको खुलेरै प्रशंसा गर्छ । मास्टरमा हुने विद्वत्ताको प्रशंसा गर्छ । देश र जनताको सेवा गर्ने मास्टरहरू आफ्नै गाउँमा बढी सम्मानित हुन्छन् भन्ने कुरा गरेपछि मास्टरको घैँटामा घाम लाग्छ र मास्टर काठमाडौँ जानुको सट्टा आफ्नै विद्यालयतिर फर्कन्छन् । यस निबन्धको संवाद सुहाउँदो नभएको सङ्केत गरेर रविलाल अधिकारीले लेखेका छन्, "मास्टरसँग गोरु देखिएर बोलेको सन्दर्भ सपनाको हुनुपर्ने भए पनि यथार्थमै गोरु बोलेको देखाइएको छ, स्वाभाविक लाग्दैन" (अधिकारी, २०७६, पृ. १५) । यस किसिमको प्राविधिक कमजोरी भए पनि गाउँमा पढाएर बस्ने मास्टर नै सक्कली बुद्धिजीवी हो र सहरमा बसेर विभिन्न नियुक्ति तथा पदका लागि मरिहत्ते गर्नेहरू नक्कली बुद्धिजीवी हुन् भन्दै यस निबन्धमा चाकडी तथा चाप्लुसीका भरमा बनेका स्वघोषित बुद्धिजीवीहरूप्रति व्यङ्ग्य गरिएको छ, स्वार्थी एवं अवसरवादीहरूको भन्डाफोर गरिएको छ ।

## अव्यवस्थित सहरीकरण/बजारीकरणको विरोध

भेषजराजका निबन्धमा सामाजिक विषमतामाथि व्यङ्ग्य पाइन्छ । कुरौटे प्रवृत्तिले व्यक्तिलाई मात्र नभएर समाजलाई पनि अप्ठ्यारामा पार्न सक्छ भन्दै निबन्धकारले 'नारदमुनिको वालिङ यात्रा' शीर्षकको निबन्धमा नारदलाई स्वर्गलोकदेखि नेपालको स्याङ्जा जिल्लास्थित नरकरूपी सहर वालिङसम्मको यात्रा गराएका छन् । यसमा हामी नेपालीहरूको भनाइ र गराइमा देखिने भेदमाथि प्रहार गरिएको छ । 'सडक र घर सफा राखौँ' भनेर लेखिएका होर्डिङ बोर्डहरूका तल दिसापिसाबको दुर्गन्ध खपिनसक्नु हुनु, मासुपसल र होटलमा बिक्रीका लागि राखिएका खानेकुराहरूमा निला माखा भन्कनु, घर बनाउनेहरूले बाटामै गिट्टी, बालुवा थुप्र्याएर बाटामा अवरोध पुऱ्याउनु, पसलेले आफ्नो सटरभित्र नअटाएका सामानहरू (नुनका बोरा, मट्टीतेलका ड्रम आदि) अगाडिको बाटैमा राख्नु जस्ता गतिविधि देखेपछि नारदलाई लागेको छ– यहाँका मानिसले स्वतन्त्रताको पूरापूर उपयोग गरेका रहेछन् । सायद प्रजातन्त्र भनेको यही हो र मौलिक अधिकार भनेको यस्तै हुनुपर्छ ।

किसानहरू आफ्नै गाउँघरमा खेतीपाती गर्न छोडेर वालिङ बजारमा खाद्यान्न किन्न आएका छन् । पसलहरू इन्डियन र चाइनिज मालले भरिपूर्ण छन् । व्यापारीहरू गरिबका लागि अनुदानमा आएको खाद्यान्न दोब्बर मूल्यमा बेचिरहेका छन् । कतिपय व्यापारीहरू भारतीय मूलका छन् । 'मूल्यमा दस प्रतिशत छुट' भन्ने ब्यानर टाँगेर बीस प्रतिशत मूल्यवृद्धि गरी दसैँ व्यापार गरिरहेछन् । वालिङको बजार फैलँदो छ। नारदजी रमाइलो मान्दै बजार घुमिरहेका छन् । 'सत्यसेवा सुरक्षणम्' भन्ने महावाक्य लेखिएको भवनको नजिकै उनी लुटिएका छन् । लुटेराहरूले हामीले देश र जनताको विकासका लागि यो काम गरेका हौँ भन्ने कुरा सुनाउँदा नारद छक्क परेका छन् । जसले जे गरे पनि पाइने, वास्तविक प्रजातन्त्र त यहाँ पो आएको रहेछ भन्ने उनलाई लागेको छ । नारद भन्छन्– 'सच्चा प्रजातन्त्र भनेको यस्तै हुनुपर्छ । यस्तो परिपाटीलाई जसले अराजक भनी निन्दा गर्छ, त्यसले आदर्श समाज कस्तो हुन्छ, बुझ्केकै हुँदैन' (पृ. ५५-५६) । यस सङ्ग्रहका भूमिका लेखक डा. कृष्णप्रसाद न्यौपानेका अनुसार कालाबजारियालाई कारबाही नहुने, बाटामा यात्रुहरूको भिड, भट्टीवाल्नीहरूको तँछाडमछाड, वातावरण प्रदूषण, शान्तिसुरक्षाको अभाव आदि अवस्थाप्रति निबन्धकारले यस निबन्धमार्फत व्यङ्ग्य गरेका छन् (न्यौपाने, २०७२, पृ. ज) । अव्यवस्थित वालिङ बजारको वर्तमान वास्तविकता यस निबन्धमा चित्रित छ ।

बजार बिचकै चौतारामा रात गुजारेर बिहानपख नित्यकर्मका लागि नजिकैको आँधीखोलामा पुग्दा बजारभरिका लोग्नेमान्छे र स्वास्नीमान्छेहरू सबै समान रूपमा पङ्क्तिबद्ध भएर आँधीखोलाको बगरभरि शौच क्रियामा संलग्न देख्दा नारदजीलाई लाग्यो– प्रजातन्त्रबाट प्राप्त भएको जनसहभागिता र सामूहिकता भनेको सायद यही नै हो । यही सामूहिक महायज्ञमा आफू पनि सहभागी भएर खोलामा चुर्लुम्म डुबी बाहिर निस्केपछि विष्णु भगवान्ले दिएको २४ घन्टे नरकबासको सराप पूरा हुन्छ र नारद भगवान् विष्णुकै शेषमहलतिर लाग्छन् ।

स्वैरकल्पनाको सहयोग लिएर कथात्मक शैलीमा सिर्जित यस निबन्धअनुसार वालिङ बजारका व्यापारीहरूमा दयामाया छैन, तिनीहरू सर्वसाधारण ग्राहकहरूलाई ठग्न बसेका छन् । बजार अव्यवस्थित छ; फोहोरमैलाका कारण दुर्गन्धित छ । लुटेराहरूको बिगबिगी छ, ध्वनिप्रदूषण उत्तिकै छ । यहाँका मानिसहरू अशिष्ट छन्, अभद्र छन् । प्रजातन्त्र र स्वतन्त्रताको नाउँमा छाडातन्त्र मौलाएको छ । अव्यवस्थित बसोबासका कारण वालिङ बजार (सहर) नरकतुल्य छ ।

## निष्कर्ष

भेषजराज शर्माका यी निबन्धमा नेपालको विकृत राजनीति र त्यसलाई सञ्चालन गर्ने जिम्मेवार दल एवं ती दलका नेताहरूप्रति व्यङ्ग्य गरिएको छ । वास्तवमा राजनीति भनेको आम नागरिकका नागरिक हकको सुरक्षा गर्दै राष्ट्र तथा समाजमा सुशासन कायम गर्ने नीति हो र नेता ती नीतिहरूलाई कार्यान्वयन गर्ने सेवक हुन् तर हाम्रो देशको राजनीति हुनुपर्ने वास्तविक राजनीतिभन्दा फरक छ । नेपालमा राजनीति गर्ने अधिकांश नेताहरू सीमित स्वार्थ, पारस्परिक खिचातानी, पदलोलुपता, अवसरवाद र वैयक्तिक धनको जोगाड गर्नेतर्फ उन्मुख देखिन्छन् । घुस, भ्रष्टाचार, दलाली, चाकडी, चापलुसी, नातावाद, आफन्तलाई गरिने सिफारिसबाट हाम्रो राजनीति, हाम्रो समाज ग्रस्त छ । सोझासिधा जनतालाई विभिन्न लोभ-लालच र प्रलोभनमा पारेर सत्तामा पुग्ने प्रवृत्तिले समाजलाई विषाक्त बनाएको छ । निबन्धकारले देशमै गनिएका पढालेखा विद्वान्, राजनीतिज्ञ, प्रशासक आदिभन्दा बरु गाउँमै बसेर

जनताको सेवा गर्ने मास्टर बढी इमानदार, कर्तव्यनिष्ठ र राष्ट्रभक्त हुन्छ भन्दै देश र जनताको हितमा काम नगर्ने ठुलाबडाहरूप्रति व्यङ्ग्य गरेका छन् । गोरु मारेर सहिद बनाउने अनि त्यसैको प्रतिमा बनाएर पुज्ने मान्छेको अविवेकी र स्वार्थीपनमाथि प्रहार गरिएको छ । सोझासिधाहरूमाथि अन्याय-अत्याचार गर्दै सभ्यताले गति लिएको ढोंग रच्ने स्वार्थी मान्छेहरूमाथि व्यङ्ग्य छ। मान्छे बौद्धिक रूपमा स्खलित छ, उसको चेतना सुँगुरको जस्तै छ भन्दै सुँगुररूपी मान्छेहरूप्रति व्यङ्ग्य गरिएको छ। चाकडी तथा चाप्लुसीका भरमा बनेका स्वघोषित बुद्धिजीवीहरूप्रति व्यङ्ग्य गरिएको छ, स्वार्थी एवं अवसरवादी बुद्धिजीवी र कर्मचारीहरूको भन्डाफोर गरिएको छ। पुरेत बाजेहरूको अल्पज्ञानप्रति व्यङ्ग्य गरिएको छ। सहरबजारका व्यापारीहरू सर्वसाधारणलाई ठग्न बसेका लुटेराजस्ता छन् भनिएको छ । व्यापारीहरूले कालो बजार गरेका छन् । बजार दुर्गन्धित छ । सहरियाहरू अशिष्ट छन्, अभद्र छन् । प्रजातन्त्र र स्वतन्त्रताको नाउँमा छाडातन्त्र मौलाएको छ। यही यथार्थमा शहरबजार नरकतुल्य छन्। व्यङ्ग्यात्मक चेतका दृष्टिमा यस सङ्ग्रहका निबन्धहरू कमजोर छैनन्। निबन्धकारले व्यङ्ग्यात्मक शैलीको उपयोग गरेर यी निबन्धमार्फत व्यक्ति र समाजलाई नैतिकताको बाटामा हिँडाउन चाहेका छन् ।

## सन्दर्भ सामग्रीसूची


अधिकारी, कृष्णराज (२०७१). *साहित्यिक अवलोकन.* गण्डकी साहित्य सङ्गम, पृ. ३७-४७ ।

अधिकारी, रविलाल (२०७६). 'भेषजराज शर्माको निबन्धकारिता'. *ज्याग्दीखोलाको तरङ्ग.* पूर्णाङ्क-१५. देवेन्द्र लम्साल, नारायण मरासिनी र अन्य (सम्पा.). ज्याग्दीखोला साहित्य प्रतिष्ठान, पृ. ३-१५ ।

अर्याल, अच्युतशरण (२०७२). 'बनारसदेखि वालिङसम्म' (भूमिका). *नारदमुनिको वालिङ यात्रा.* श्यामप्रसाद ढुङ्गाना (सङ्क.). भेषजराज साहित्य प्रतिष्ठान ।

आप्टे, वामन शिवराम (सन् २००७). *संस्कृत-हिन्दी कोश.* रचना प्रकाशन ।

उपाध्याय, केशवराज (२०४९). *साहित्य-प्रकाश* (पाँचौं संस्क.). साझा प्रकाशन ।

ढुङ्गाना, श्यामप्रसाद (२०६२). *भेषजराज शर्माको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन.* अप्रकाशित स्नातकोत्तर शोधपत्र. मानविकी तथा सामाजिक शास्त्र सङ्काय, पृथ्वीनारायण बहुमुखी क्याम्पस ।

तिमल्सेना, पशुपतिनाथ (२०६२). 'राष्ट्रिय भावना र मानवीय मूल्यले खारिएको भेषजराजको काव्य-चेतना'. *यथार्थवादी नेपाली समालोचना.* घनश्याम ढकाल (सम्पा.). गण्डकी साहित्य सङ्गम, पृ. ४३-५८ ।

न्यौपाने, कृष्णप्रसाद (२०७२). 'नारदमुनिको वालिङ यात्रामा विचरण गर्दा'. (भूमिका). *नारदमुनिको वालिङ यात्रा.* श्यामप्रसाद ढुङ्गाना (सङ्क.). भेषजराज साहित्य प्रतिष्ठान ।

रानाभाट, पदमबहादुर (२०६४), *नेपाली निबन्धपरम्परामा स्याङ्जा जिल्लाको योगदान.* अप्रकाशित स्नातकोत्तर शोधपत्र. मानविकी तथा सामाजिक शास्त्र सङ्काय, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

शर्मा, भेषजराज (२०७२). *नारदमुनिको वालिङ यात्रा.* श्यामप्रसाद ढुङ्गाना (सङ्क.). भेषजराज साहित्य प्रतिष्ठान ।